आज मिति २०८३ साल जेठ ११ गते दिनको १:३० बजे यस लमही नगरपालिकाको नगर प्रमुख श्री जोगराज चौधरी ज्यूको अध्यक्षतामा तपसिलका कार्यपालिकाको पदाधिकारीहरुको उपस्थितिमा कार्यपालिकाको बैठक बसी देहाय बमोजिमको निर्णयहरु गरियो।

उपस्थिति:

| क.स. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री जोगराज चौधरी | नगर प्रमुख | |
| २ | श्री लक्ष्मी योगी | नगर उप-प्रमुख | |
| ३ | श्री दामोदर पौडेल | १ नं. वडा अध्यक्ष | |
| ४ | श्री नेपालु चौधरी | २ नं. वडा अध्यक्ष | |
| ५ | श्री मनोज कुमार चौधरी | ३ नं. वडा अध्यक्ष | |
| ६ | श्री सुवास न्यौपाने | ४ नं. वडा अध्यक्ष | |
| ७ | श्री ओम प्रसाद सुबेदी | ५ नं. वडा अध्यक्ष | |
| ८ | श्री श्याम नारायण चौधरी | ६ नं. वडा अध्यक्ष | |
| ९ | श्री मोहन गिरी | ७ नं. वडा अध्यक्ष | |
| १० | श्री उमेश कुमार खड्का | ८ नं. वडा अध्यक्ष | |
| ११ | श्री भेष बहादुर के.सी. | ९ नं. वडा अध्यक्ष | |
| १२ | श्री सुनिता कुमारी चौधरी | कार्यपालिका सदस्य | |
| १३ | श्री पार्वती विश्वकर्मा | कार्यपालिका सदस्य | |
| १४ | श्री देवा परियार | कार्यपालिका सदस्य | |
| १५ | श्री किरण चौधरी | कार्यपालिका सदस्य | |
| १६ | श्री चन्द्रा चौधरी | कार्यपालिका सदस्य | |
| १७ | श्री लाल बहादुर नेपाली | कार्यपालिका सदस्य | |
| १८ | श्री तुलसी वि.क. | कार्यपालिका सदस्य | |
| १९ | श्री श्रीधर के.सी. | सचिव/प्रमुख प्रशासकिय अधिकृत | |

CamScanner

मिति २०८३।०२।११ गतेको १७७ औं कार्यपालिकाको बैठकको निर्णयहरु:

निर्णय नं. १ : नदीजन्य पदार्थ सम्बन्धी मापदण्ड, २०७७ को दफा ४ अन्तर्गत नदीजन्य पदार्थ संकलन, उत्खनन तथा बिक्री सम्बन्धी उपदफा (४) मा नदीजन्य पदार्थ उत्खनन गर्दा सामान्यतया श्रममूलक प्रविधिको प्रयोग गर्नुपर्ने तथा मेसिन प्रयोग गर्नुपर्ने अवस्थामा स्वीकृत IEE प्रतिवेदनमा उल्लेख भएका शर्त तथा सीमाभित्र रही कार्य गर्नुपर्ने व्यवस्था रहेको सन्दर्भमा, यस नगरपालिका अन्तर्गत आ.व. २०८२/०८३ मा ठेक्का सम्झौता भएका विभिन्न घाटहरुको स्वीकृत IEE प्रतिवेदनमा उत्खनन उपकरणको रुपमा Backhoe Loader तथा Excavator प्रयोग गर्ने कार्ययोजना समावेश रहेको, तर प्रारम्भिक सम्झौतामा Backhoe Loader मात्र प्रयोग गर्न अनुमति दिइएको अवस्थामा हालसम्म सम्झौता बमोजिमको उत्खनन परिमाण पूरा नभएको कारण तथा ठेकेदारहरुबाट Excavator प्रयोग गर्न पाउनुपर्ने माग समेत प्राप्त भएको हुँदा नगर अनुगमन समितिबाट स्थलगत अनुगमन पश्चात सम्झौतामा उल्लेख भएको परिमाण पूरा गराउने उद्देश्यले स्वीकृत IEE प्रतिवेदन, मापदण्ड तथा वातावरणीय शर्तको पूर्ण पालना हुने गरी सम्बन्धित घाटहरुमा Excavator प्रयोग गर्न दिने तथा उत्खनन कार्यको साप्ताहिक रुपमा परिमाण एकिन गरी कडाइका साथ नियमित अनुगमन गर्ने निर्णय गरियो ।

निर्णय नं. ०२ : आ.व. २०८२/०८३ मा नदीजन्य पदार्थ उत्खननका लागि पटक-पटक गरी दुई पटकसम्म ठेक्का आहान गर्दा समेत ठेक्का व्यवस्थापन हुन नसकेका घाटहरुको हकमा प्रचलित कानुन, स्वीकृत IEE प्रतिवेदन तथा संघीय नदीजन्य पदार्थ सम्बन्धी मापदण्ड, २०७७ बमोजिम उत्खनन अवधि बाँकी रहेको समयलाई आधार मानी कुल स्वीकृत उत्खनन् परिमाणको अनुपात अनुसार कायम हुन आउने परिमाण बराबरको नदीजन्य पदार्थ सम्बन्धित वडा कार्यालयको सिफारिस तथा ठेकेदार/फर्मबाट प्राप्त निवेदनपत्र र प्राविधिक प्रतिवेदनमा उल्लेख भएको एकिन परिमाणको आधारमा उपलब्ध गराउने, आवश्यक कागजात प्राप्त भएपछि सम्बन्धित पक्षसँग सम्झौता गरी राजश्व दाखिला गरी कार्यादेश दिने, प्रदेश तथा नगरसभाको प्रचलित दररेट बमोजिम अघिल्लो आर्थिक वर्षमा सम्बन्धित घाटमा सोझै दिईएको ठेक्काको दररेटभन्दा नघट्ने गरी कायम गर्ने तथा आ ई ई प्रतिवेदन बमोजिम दैनिक ३०० घनमिटरभन्दा बढी नदीजन्य पदार्थ उत्खनन् गर्न नपाइने गरी हेभि मेसिनरी उपकरणExcavator प्रयोग गरि कार्य सञ्चालन गराउने निर्णय गरियो । साथै नगरपालिका तथा अन्य निकायबाट सञ्चालन हुने गौरवका योजना लगायत सार्वजनिक महत्वका योजनाका लागि माग भए बमोजिम आवश्यक परिमाणमा नदीजन्य पदार्थ उत्खनन तथा आपूर्ति गर्न दिने निर्णय गरियो ।

निर्णय नं. ३ : निवेदक गोविन्दराज पौडेल र विपक्षी नगर प्रमुख, लमही नगरपालिका दाङ, लमही नगरपालिकाको कार्यालय, लमही नगरपालिका शिक्षा युवा तथा खेलकुद शाखा, नगर शिक्षा समिति, शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख, लमही नगरपालिका वडा नं १ का वडाअध्यक्ष दामोदर पौडेल र लमही नगरपालिका शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख समेत भएको उत्प्रेषण/परमादेश (मुद्दा नं. ०८२-WO-००४६), को सम्मानित श्री उच्च अदालत तुलसीपुरबाट जारी भएको १५ दिने म्याद २०८३।०१।२५ गते तामेली पाएकोमा कार्यालयको कार्यव्यस्तता कारणले उक्त म्याद भित्र



CamScanner

हाजिर भई लिखित जवाफ प्रस्तुत गर्ने नसकीएकोले उक्त म्याद थमैती गरी विपक्षी नगर प्रमुख, लमही नगरपालिका दाङ, लमही नगरपालिकाको कार्यालय, लमही नगरपालिका शिक्षा युवा तथा खेलकुद शाखा, नगर शिक्षा समिति, शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख, लमही नगरपालिका वडा नं १ का वडाअध्यक्ष दामोदर पौडेल र लमही नगरपालिका शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख समेतको तर्फबाट सम्मानित श्री उच्च अदालत तुलसीपुरमा उपस्थित भई म्याद थमैती गरी लिखित जवाफ प्रस्तुत गर्न, तारेखमा अदालतमा उपस्थित हुन, कानुन व्यवसायी नियुक्ति गर्न र मुद्दा पुर्पक्ष समेतको लागि यस लमही नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, लमही दाङमा कार्यरत सब-ईन्जिनियर श्री चित्र बहादुर वलीलाई प्रतिनिधि नियुक्त गरी पठाउने।

निर्णय नं ४ : यस लमही नगरपालिकाको वातावरण तथा विपद् व्यवस्थापन समितिको मिति २०८३/०२/०६ गतेको बैठकको निर्णय अनुमोदन गर्ने।

निर्णय नं ५ : यस लमही नगरपालिका ५ नं वडा कार्यालयको सिफारिस बमोजिम उक्त वडामा बसोबास गर्ने सुशिला शर्माको छोरा छोरी कोही नभएको र निजको आर्थिक अवस्था कमजोर भएकोले निजलाई आर्थिक सहायता स्वरुप रु २०,०००।- अक्षरुपी बिस हजार मात्र उपलब्ध गराउने ।

निर्णय नं ६ : लमही नगरपालिकाको सूचना संप्रेषण परामर्शदाताको रुपमा मिति २०८२।१०।२० गतेको सम्झौता पत्रानुसार कामकाज लगाईएका श्री पूर्ण प्रकाश विश्वकर्मा सम्झौता रद्द गरी सोको जानकारी अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय बुटबल सम्पर्क कार्यालय नेपालगञ्जलाई दिने।

निर्णय नं. ७ : **लमही नगरपालिका आर्थिक वर्ष २०८२/०८३ अन्तर्गत e-bidding मार्फत ठेक्का प्रक्रियाबाट सञ्चालन भएका संघ, प्रदेश तथा नगरपालिकाको आफ्नै स्रोतबाट सञ्चालित योजनाहरूमा ठेक्का सम्झौता रकम बाट बचत हुन आउने रकम सम्बन्धित सोही योजनामा आवश्यक कार्य थप गरी उपयोग गर्ने नीति अवलम्बन गर्ने निर्णय गरियो । संघ तथा प्रदेश सरकारबाट सञ्चालित योजनाको हकमा सोही योजनामा बचत रकम प्रयोग गर्न मिल्ने/नमिल्ने सम्बन्धमा सम्बन्धित निकायमा आवश्यक पत्राचार गर्ने तथा नगरपालिकाको स्रोततर्फ बचत रकमबाट सञ्चालन गरिने कार्यहरू quotation प्रक्रियामार्फत सञ्चालन गर्ने निर्णय गरियो । साथै, लेखा शाखाबाट वास्तविक पूँजीगत बजेट विवरण प्राप्त भएपछि चालु आर्थिक वर्षभित्र प्रत्येक वडालाई समान आधारमा योजना ceiling उपलब्ध गराउने तथा उक्त योजना/कार्यक्रममध्ये कुल बजेटको ५० प्रतिशत उपभोक्ता समिति मार्फत र बाँकी ५० प्रतिशत quotation प्रक्रियामार्फत कार्यान्वयन गर्ने निर्णय सर्वसम्मतिबाट गरियो ।**

<u>मिति २०८३।०२।११ गतेको १७७ औं कार्यपालिकाको बैठकको निर्णय</u>

CamScanner

निर्णय नं ८ : लमही नगरपालिकामा पेश भई प्राविधिक समितिबाट सिफारिस भए बमोजिम देहाय अनुसार "घ" वर्गको इजाजतपत्र प्रदान गर्ने निर्णय गरियो।

तपशिल:

| क्र.सं. | फर्मको नाम | प्रो. नाम | ठेगाना |
|---|---|---|---|
| १. | प्रशी निर्माण सेवा प्रा.लि. | श्री प्रदिप राज भुसाल | लमही -०५ दाङ |
| २. | दुमदुमा भगवती निर्माण सेवा एण्ड सप्लायर्स प्रा.लि. | श्री प्रविन चौधरी | लमही -०६ दाङ |
| ३. | नरी कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | श्री गोबिन्द बुढाथोकी | लमही -०७ दाङ |
| ४. | के.भि. कन्स्ट्रक्सन प्रा.लि. | श्री हिमाल भुसाल | लमही-०५ दाङ |

मिति २०८३।०२।११ गतेको १७७ औं कार्यपालिकाको बैठकको निर्णय

CS CamScanner